

वातावरणीय तथा सामाजिक व्यवस्थापकीय ढाँचा र खानेपानी गुणस्तरको व्यवस्थापन (पृष्ठ ४)



खानेपानीको सहज उपलब्धताले जनजीविकामा ल्याएको परिवर्तनको एउटा उदाहरण (पृष्ठ ७)



'आफैंबाट शुरु गरौं' : सार्थक रूपमा मनाइएको सरसफाइ कार्यक्रम (पृष्ठ ८)



बंगलादेशको सरसफाइ प्रवर्धनमा सरसफाइ बजारीकरणको प्रभाव : एक अनुभव (पृष्ठ ९)

# पानी, सरसफाइ र जीवन

वर्ष १, अंक १, असार २०७४

## ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति बाइसौं वर्षमा प्रवेश

नेपालका ग्रामीण समुदायहरूमा खानेपानी तथा सरसफाइ कार्यक्रम सञ्चालन गर्दै आइरहेको ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति यस वर्षदेखि बाइसौं वर्षमा प्रवेश गरेको छ । संस्था स्थापनाको अवसरमा गत २०७३ चैत्र १ गते एक्काइसौं वार्षिकोत्सव समारोहको आयोजना गरी कोष विकास समितिले हालसम्म हासिल गरेका उपलब्धिहरू, भावी लक्ष्य र चुनौतीहरूको समीक्षा गरियो ।

खानेपानी तथा सरसफाइ मन्त्रालयका सचिव श्री भीमप्रसाद उपाध्याय प्रमुख अतिथि रहनु भएको उक्त कार्यक्रममा बोल्दै कोष विकास समितिका कार्यकारी निर्देशक श्री भूपेन्द्र अर्यालले समुदायको मागमा आधारित स्वामित्व, नेतृत्व, व्यवस्थापन र सहभागितात्मक अवधारणाको प्रवर्धन गर्ने उद्देश्यले नेपाल सरकारद्वारा विकास समिति ऐन २०१३ अन्तर्गत २०५२ चैत्र १ गते स्थापित यस संस्थाले नेपाल सरकार, अन्तर्राष्ट्रिय विकास संस्था/विश्व बैंक र स्थानीय समुदायको आर्थिक सहयोगमा कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनु भयो । उहाँले कोष विकास समितिद्वारा पहिलो र दोस्रो ग्रामीण खानेपानी तथा सरसफाइ आयोजना (RWSSP- I & II) बाट २,७४५ वटा आयोजना पूर्ण रूपमा सम्पन्न गरी २३ लाख भन्दा बढी ग्रामीण जनतालाई खानेपानी तथा सरसफाइ सुविधा प्रदान गरिएको बताउँदै हाल (सन् २०१४ देखि २०२० जुनसम्म) ५५ जिल्लामा सञ्चालित ग्रामीण खानेपानी तथा सरसफाइ सुधार आयोजना - RWSSIP बाट १,८७४ वटा आयोजना सम्पन्न गरी थप १५ लाख ग्रामीण जनतालाई खानेपानी तथा सरसफाइ सुविधा प्रदान गर्ने लक्ष्यका साथ कार्यक्रम सञ्चालन भइरहेको बताउनु भयो । यसैगरी उहाँले साविकका ४०० गाविसलाई खुल्ला दिसामुक्त गराउने र खुल्ला दिसामुक्त घोषणा भइसकेका गाविसहरूमा पूर्ण सरसफाइ अभियान सञ्चालन गर्ने लक्ष्य अनुरूप कार्यक्रम सञ्चालन भइरहेको र यसबाट प्रत्यक्ष रूपमा ९ लाख जनता लाभान्वित हुने जानकारी पनि दिनुभयो । यसै क्रममा कार्यकारी निर्देशक श्री अर्यालले २०७२ बैशाख १२ गते गएको विनाशकारी भूकम्प र तत्पश्चात गएको पराकम्पनबाट विगतमा सम्पन्न भएका



*कार्यक्रमको समुद्घाटन गर्दै खानेपानी तथा सरसफाइ मन्त्रालयका सचिव श्री भीमप्रसाद उपाध्याय*

खानेपानी आयोजनाहरूमा भएको क्षतिले संचालनमा नआएका आयोजनाहरू संचालनमा ल्याउनका लागि भूकम्प अति प्रभावित १४ वटा जिल्लाहरूमा पुनरुत्थान तथा पुनःनिर्माण कार्यक्रम कार्यान्वयन भइरहेको पनि बताउनु भयो ।

सोही अवसरमा बोल्दै विश्व बैंक नेपालका खानेपानी तथा सरसफाइ विज्ञ श्री सिल्भा श्रेष्ठले कोष विकास समितिले आयोजना कार्यान्वयनको क्रममा साझेदार सहयोगी संस्थाहरू, स्थानीय निकाय तथा समुदायको क्षमता अभिवृद्धि र संस्थागत विकास, आयोजना निर्माण कामप्रति सामाजिक जवाफदेहिता, पारदर्शिता, वातावरणमैत्री प्रविधि तथा सामाजिक समावेशीकरणलाई प्राथमिकतामा राखेको बताउँदै यी अवधारणाहरूलाई निरन्तरता दिँदै लक्ष्य प्राप्तिमा लागिरहन सम्पूर्ण कर्मचारीहरूलाई शुभकामना दिनुभयो ।

कार्यक्रममा आफ्नो मन्तव्य राख्दै कार्यक्रमका प्रमुख अतिथि खानेपानी तथा सरसफाइ मन्त्रालयका सचिव श्री भीमप्रसाद उपाध्यायले कोष विकास समितिले राष्ट्रले खानेपानी तथा सरसफाइ क्षेत्रमा लिएको

(बाँकी पृष्ठ २ मा)

## सम्पादन मण्डल

### सदस्यहरू

संजय कुमार मिश्र
उप कार्यकारी निर्देशक

टीका अधिकारी
प्रमुख, मानव संसाधन तथा कार्यक्रम
विकास महाशाखा

### सम्पादक

भरत अधिकारी
सञ्चार तथा क्षमता अभिवृद्धि विज्ञ

### सल्लाहकार

भूपेन्द्र अर्याल
कार्यकारी निर्देशक



### प्रकाशक

ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति, शिवमार्ग, महाराजगञ्ज, काठमाडौं, पो.ब. नं. १२४१४, टेलिफोन नं. ४००३०१०

इमेल : khaskosh@rwss.org

वेबसाइट : www.rwss.org


## सम्पादकीय

# नयाँ स्वरूपमा समाचारपत्र

ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिको त्रैमासिक मुखपत्र 'हाम्रो पानी' लाई हामीले अब द्वैमासिक रूपमा 'पानी, सरसफाइ र जीवन' को नाममा पाठकहरू समक्ष प्रस्तुत गरेका छौं । यस समितिले आफ्नो स्थापनाकालदेखि नै एकीकृत रूपमा खानेपानी तथा सरसफाइ कार्यक्रम सञ्चालन गर्दै आएको सबैमा विदितै छ । खानेपानी र सरसफाइलाई समुदायको विकासको प्रवेशद्वारका रूपमा लिएर समुदायमा खानेपानी सुविधा उपलब्ध भएपछि खासगरी महिलाहरूको खानेपानी ओसारपसारमा बचत हुने समयलाई आयआर्जनका क्रियाकलापहरूमा लगाई उनीहरूको जीवनस्तर प्रवर्धन गर्ने उद्देश्यले कोष विकास समितिले जीविका, जागरण जस्ता कार्यक्रमहरूलाई पनि समेटेको छ। ग्रामीण खानेपानी तथा सरसफाइ सुधार आयोजनाको प्रारम्भसँगै यस समितिले सरसफाइमा राज्यले लिएको लक्ष्य प्राप्तिमा योगदान दिने ध्येयका साथ खुला दिसामुक्त तथा पूर्ण सरसफाइ कार्यक्रमलाई समेत अभियानको रूपमा अगाडि बढाउँदै आएको छ । समितिको उल्लेखित भूमिकाको उचित संबोधन गर्नका लागि यस समाचारपत्रको नामाकरण 'पानी, सरसफाइ र जीवन' गरिएको हो ।

यस समितिको आर्थिक सहयोगमा सञ्चालित क्रियाकलापहरू, प्राप्त सिकाई तथा यसले व्यक्ति, परिवार र समाजमा पारेका सकारात्मक प्रभावहरूका साथसाथै खानेपानी र सरसफाइको राष्ट्रिय लक्ष्य पूरा गर्ने दिशामा पुऱ्याएको योगदान जस्ता विषयहरूलाई यस समाचारपत्र मार्फत् सार्वजनिक गर्ने हाम्रो चाहना हो । त्यसैले हामी सहयोगी संस्थाका सम्पूर्ण कर्मचारीहरू, पाठकहरू तथा अन्य सरोकारवालाहरूलाई आ-आफ्नो क्षेत्र र कार्यक्रमसँग सम्बन्धित जानकारीहरू प्रकाशनका लागि कोष विकास समितिको ठेगानामा पठाउनु हुन हार्दिक अनुरोध गर्दछौं ।

*(पृष्ठ १ को बाँकी)*

लक्ष्य प्राप्तिका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउँदै यस संस्थाका क्रियाकलापबाट समाजमा विकासका अवसरहरू खुलेको कुरामा जोड दिनुभयो । सो अवसरमा सहयोगी निकायहरूका तर्फबाट बोल्दै 'सल्भ नेपाल' का अध्यक्ष श्री राजेन्द्र श्रेष्ठले ग्रामीण जनतालाई खानेपानी र सरसफाइजस्तो आधारभूत आवश्यकताको पहुँच गराउन कोष विकास समितिसँगको सहकार्य आगामी दिनमा पनि आवश्यक रहेको बताउनु भयो । सोही अवसरमा धन्यवाद ज्ञापन गर्दै कोष विकास समितिका कार्यसमिति सदस्य श्री मन दाहालले कोष विकास समितिको दुई दशकको यात्रालाई सफल बनाउन आ-आफ्नो क्षेत्रबाट योगदान गर्ने नेपाल सरकार, दातृनिकाय विश्व बैंक, खानेपानी तथा सरसफाइ मन्त्रालय, कार्यसमितिका पदाधिकारीहरू, समितिका साझेदार सहयोगी संस्थाहरू, समुदाय, उपभोक्ता समिति, कोष विकास समिति तथा समितिका कर्मचारीहरू तथा सम्पूर्ण सरोकारवाहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्नुभयो ।

समारोहका अध्यक्ष तथा कोष विकास समितिका सदस्य श्री कृष्णप्रसाद जैसीले कोष विकास समितिको एक्काइसौं वार्षिकोत्सवको पावन अवसरमा आगामी दिनमा यस समितिको संस्थागत विकास, समितिबाट संचालन हुने आयोजनाहरूको प्रभावकारी कार्यान्वयन र गुणस्तरीय सेवाका लागि संस्थालाई चुस्त दुरुस्त पार्न आफू सदा समर्पित रहने प्रतिबद्धता व्यक्त गर्दै सम्पूर्ण कर्मचारीहरूलाई लगनशीलताका लागि धन्यवाद प्रदान गर्नुभयो ।

कार्यक्रममा राष्ट्रका सरसफाइ दूत तथा समाजसेवी/कलाकारद्वय धुमुस-सुन्तली (सीताराम कट्टेल तथा कुञ्जना घिमिरे) ले चेतना जागरण सम्बन्धी मनोरञ्जनपूर्ण प्रहसन प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा कोष विकास समितिका कार्यसमितिका पदाधिकारीहरू, कर्मचारीहरू, खानेपानी तथा सरसफाइ क्षेत्रका विज्ञ तथा विभिन्न सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

# विभिन्न स्थानमा खुला दिसामुक्त घोषणा कार्यक्रम सम्पन्न

ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिको सहयोग तथा सहयोगी संस्था 'सल्भ नेपाल'को सहजीकरणमा यही २०७४ असार ९ गते ललितपुर जिल्लाको कोन्ज्योसोम गाउँपालिका वडा नं. ५, भारदेउ (साबिकको भारदेउ गाविस) खुला दिसामुक्त घोषणा भएको छ । कोन्ज्योसोम गाउँपालिकाका प्रमुख श्री गोपीलाल सिंतानको प्रमुख आतिथ्य तथा कोष विकास समितिका कार्यकारी निर्देशक श्री भूपेन्द्र अर्याल एवं जिल्ला स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति ललितपुरका संयोजक एवं स्थानीय विकास अधिकारी श्री हेमराज भुसालको विशेष आतिथ्यमा उक्त घोषणा सभाको आयोजना गरिएको थियो ।

ग्रामीण खानेपानी तथा सरसफाइ सुधार आयोजना अन्तर्गत ४५ जिल्लाका साविकका ३९७ गाविसका २१ लाख ५८ हजार भन्दा बढी जनसंख्याका लागि सञ्चालित वि.सं. २०७३ जेष्ठ महिनादेखि हालसम्ममा खुला दिसामुक्त/पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत ४८ वटा साविकका गाविस खुला दिसामुक्त घोषणा भएका छन् । यी मध्ये १४७ साविकका गाविससँग खुला दिसामुक्त तथा २५० गाविससँग खुला दिसामुक्त अवस्थापछिको पूर्ण सरसफाइ कार्यक्रम सञ्चालनका लागि कोष विकास समिति, जिविस, गाविस, सहयोगी संस्थाहरूबीच चौपक्षीय समझदारी पत्रमा हस्ताक्षर भएको थियो ।

कोष विकास समितिले देशका ६ वटा प्रदेश अन्तर्गत १०६ वटा सहयोगी निकायहरू मार्फत् सम्बन्धित भिवाससीसी, युनिसेफ, युएन ह्याबिट्याट, एसएनभि, वर्ल्ड भिजन, प्लान नेपाल, नेवा, अक्सफाम, आइडिइ नेपाल आदि जस्ता सरोकार वालाहरूसँगको समन्वयमा अन्य गाविसमा पनि खुला दिसामुक्त/पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गरिरहेको छ । यस कार्यक्रम अन्तर्गत करिब ४ लाख २० हजार घरधुरी समेटिएका छन् ।

यस क्षेत्रमा सरसफाइ अभियान प्रारम्भ गर्दा वडाका ४८८ घरधुरी मध्ये २३१ घरधुरीमा मात्र पक्की शौचालयको पहुँच भएकोमा समुदाय र विद्यालय परिचालनको माध्यमबाट बाँकी २५७ घरधुरीमा पनि वाटरसील शौचालय निर्माण गरी प्रयोगमा ल्याइएको जानकारी सहयोगी संस्था सल्भ नेपालका वास अफिसर श्री यादव नेपालले दिनुभयो ।




खुला दिसामुक्त अभियानमा सहयोग गरे बापत कोष विकास समितिका कार्यकारी निर्देशक ज्यूलाई कदरपत्र प्रदान गर्दै कोन्ज्योसोम गाउँपालिकाका प्रमुख श्री गोपीलाल सिंतान

घोषणा कार्यक्रममा बोल्दै कोष विकास समितिका कार्यकारी निर्देशक श्री भूपेन्द्र अर्यालले यो अभियान सफल बनाउन भूमिका निर्वाह गर्ने सबै संघ संस्था, सरोकारवाला र व्यक्तिहरूलाई धन्यवाद दिदै यस क्षेत्रमा खुलादिसा मुक्तपछिको पूर्ण सरसफाइ क्रियाकलाप सञ्चालनका लागि पनि पूर्ण रूपमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।



वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति
नरहा गा.पा.-४, बर्छावा को प्रतिवद्धता

पूर्ण सरसफाइ अभियानका माध्यमबाट सामाजिक समुन्नतिका लागि नरहा गाउंपालिका वडा नं. ४ बर्छावाका सम्पूर्ण बासिन्दाहरु, बर्छावाको धर्ती र आकाशलाई साक्षी राखी, वडा खुल्ला दिसामुक्त घोषणाको अवसरमा, आज मिति २०७४ असार १० गतेका दिन, सरसफाइ सम्बन्धी निम्न प्रतिवद्धता व्यक्त गर्दछौ ।

- कुनै पनि अवस्थामा खुल्ला स्थानमा दिसा पिसाव गर्ने छैनौ ।
- कुनै पनि अवस्थामा खुल्ला स्थानमा प्लाष्टिक जन्य एवम् सिसाजन्य फोहर फाल्ने छैनौ ।
- खाना बनाउनुअघि, खाना खानुअघि र खुवाउनुअघि, दिसा धोएपछि र फोहर छोएपछि, बच्चा तथा बिरामीको स्याहार गर्नु अघि र बिरामीको स्याहार गरेपछि साबुन पानीले हात धुनेछौ ।
- व्यक्तिगत, घरायसी तथा वातावरणीय सरसफाइप्रति पूर्ण रूपमा प्रतिवद्ध रहनेछौ ।
- सरसफाइलाई सधैंभरि स्वास्थ्य, प्रतिष्ठा र आत्मसम्मानको विषयको रुपमा लिंदै सरसफाइ प्रवर्द्धनमा क्रियाशील रहनेछौ ।
- आज उपरान्त यस वडाको कुनैपनि खुल्ला क्षेत्रमा खुल्ला दिसा गरेको पाईएमा रु ५००।- (पाँच सय) जरिवाना लिने प्रतिवद्धता व्यक्त गर्दछौ ।

जय सरसफाइ ।

सरसफाइ प्रवर्धनका लागि बर्छावावासीहरूले गरेको लिखित प्रतिबद्धता

## बर्छावा सिरहा जिल्लाको ३६औं खुला दिसामुक्त वडा घोषित

कोष विकास समितिको आर्थिक सहयोग तथा सूर्योदय युवा क्लब, पर्साको सहजीकरणमा सिरहा जिल्लाको नरहा गाउँपालिका वडा नं.४ बर्छावा (साबिकको बर्छावा गाविस) यही २०७४ असार १० गते सिरहा जिल्लाको ३६ औ खुल्ला दिसामुक्त वडाका रूपमा घोषणा भएको छ । ७६५ घरधुरी रहेको यस वडाका सबै घरमा सहयोगी संस्थाको सहजीकरणमा पक्की चर्पी निर्माण भई प्रयोगमा आएको छ । समूह दशौंमा सिरहा जिल्लामा कार्यरत कोष विकास समितिका सहयोगी संस्थाहरूमध्ये सूर्योदय युवा क्लबले सर्वप्रथम यो उपलब्धि हासिल गरेको हो ।

वडा सचिव श्री बेचन यादवको अध्यक्षता र जिल्ला प्रशासन कार्यालय सिरहाका प्रशासकीय अधिकृत श्री कमलदेव यादव एवं कोष विकास समितिका कार्यक्रम व्यवस्थापक श्री अमृत सिन्धु श्रेष्ठको आतिथ्यमा आयोजित उक्त घोषणा सभामा नरहा गाउँपालिकाका कार्यकारी अधिकृत श्री भवेस कुमार झा, सहयोगी संस्थाका अध्यक्ष श्री लोक नारायण यादव लगायतका वक्ताहरूले मन्तव्य व्यक्त गर्दै कोष विकास समितिको कार्यक्रमलाई जिल्लाभर विस्तार गर्नु पर्ने राय व्यक्त गर्नु भएको थियो । उक्त अवसरमा बर्छावावासीहरूले सरसफाइ प्रवर्धनका लागि लिखित प्रतिबद्धता समेत सार्वजनिक गरेका थिए ।

खुल्ला दिसामुक्त वडा घोषणाका साथै पूर्ण सरसफाइको यात्रा पनि शुरु भएकाले अब आफ्नो क्षेत्रमा अवसर र चुनौती दुवै थपिएको सहयोगी संस्थाका कर्मचारीहरू बताउँछन् ।

# वातावरण तथा सामाजिक व्यवस्थापकीय ढाँचा र खानेपानी गुणस्तरको व्यवस्थापन




ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिले ग्रामीण खानेपानी तथा सरसफाइ सुधार आयोजना अन्तर्गतका खानेपानी तथा सरसफाइ आयोजनाहरूमा वातावरण तथा सामाजिक व्यवस्थापकीय ढाँचा (ESMF) लाई आत्मसात गरेको छ। आयोजना चक्रका विभिन्न चरणमा विविध प्रकारका संभाव्य वातावरणीय र सामाजिक प्रभावहरूको पहिचान गर्न र तिनको न्यूनीकरणका उपयुक्त उपायहरूबारे सुझाव दिने उद्देश्यले यो ढाँचा तयार गरिएको हो। यस ढाँचाले कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित सकारात्मक, दिगो वातावरणीय र सामाजिक उपायहरूको अभिवृद्धि गर्न सहयोग पुऱ्याउने अपेक्षा लिइएको छ। वातावरणीय व्यवस्थापन अन्तर्गत मुहान संरक्षण, संरचनाहरूको तारबार, पाइप लाइनहरूको संरक्षण, बढी भएको पानीको उचित व्यवस्थापन, वर्षातमा बढी भएको पानीको निकास तथा व्यवस्थापन र खेर गएको पानीको सदुपयोग जस्ता कार्यहरू मुख्य रूपमा पर्दछन्।

यस ढाँचा अन्तर्गत पूर्व सम्भाव्यता अध्ययन चरणमा गरिने वातावरण तथा सामाजिक छनोट ढाँचा (Screening Format) लाई चार वर्गमा विभाजन गरिएको छ। यस अन्तर्गत पहिलो E1/S1 अर्थात् वातावरण तथा सामाजिक रूपमा नकारात्मक प्रभाव पर्ने आयोजनाहरू, दोस्रो E1/S2 अर्थात् वातावरणमा नकारात्मक प्रभाव पर्ने तर सामजिक रूपमा नकारात्मक प्रभाव नपर्ने आयोजनाहरू, तेस्रो E2/S1 अर्थात् वातावरणमा नकारात्मक प्रभाव नपर्ने तर सामाजिक रूपमा प्रभाव पर्ने आयोजनाहरू र चौथो E2/S2 वातावरण र सामाजिक क्षेत्रमा नकारात्मक असर न्यून मात्रामा मात्र पर्ने आयोजनाहरू पर्दछन्। दशौं चरण अन्तर्गतको विकास चरणमा प्राप्त प्राविधिक प्रतिवेदनमा कुल ५६२ आयोजनाहरूको विस्तृत विवरण प्राप्त भएको थियो, जसमध्ये हालसम्ममा ४९८ आयोजनाहरूको वातावरण तथा सामाजिक व्यवस्थापन योजना प्राप्त भएको छ।

## खानेपानी गुणस्तर सुनिश्चितता सम्बन्धी व्यवस्था

मुहानदेखि मुखसम्म खानेपानीको गुणस्तर सुनिश्चित गर्नका लागि आयोजनाका विभिन्न चरण (पूर्व सम्भाव्यता, विकास चरण र कार्यान्वयन चरण) मा खानेपानी गुणस्तरको परीक्षण गर्ने गरिन्छ। यस अन्तर्गत दशौं समूहको पूर्व सम्भाव्यता चरणमा खानेपानीको ५५७ नमुना प्राप्त भएको थियो, जसमध्ये ४२९ आयोजनाहरू ग्राभिटी (पहाडी) खानेपानी प्रणाली अन्तर्गतका छन्। ग्राभिटी खानेपानी प्रणालीमा पर्ने केही मुहानहरूमा जैविक संक्रमण देखिएको छ र केही मात्रामा खानेपानीको नमूनामा मध्यम संख्यामा फिकल कोलिर्फम, धमिलोपन, एमोनिया, आइरन र म्याङ्गनिज जस्ता तत्वहरू पनि पाइएको छ। त्यसैगरी संकलन गरिएका ५५७ नमूनामध्ये १२८ वटा नमूना भूमिगत खानेपानी प्रणालीका थिए। भूमिगत खानेपानी प्रणालीका लागि नमुना संकलन गर्दा आयोजना क्षेत्रभित्र मौजुदा अवस्थामा रहेका व्यक्तिगत टयुववेल, इनार तथा विभिन्न संघ संस्थाहरूद्वारा निर्माण गरिएको टयुववेल तथा इनारहरूको नमुनाको जाँच गर्दा मध्यम संख्याका खानेपानी नमुनामा उच्च मात्रामा धमिलोपन, एमोनिया, आइरन, म्याङ्गनिज र फिकल कोलिर्फम आदि तत्व पाइएको थियो।

खानेपानीको गुणस्तरमा अनेकौं कारणले प्रभाव पर्नसक्छ, जस्तै- स्रोतको किसिम, मुहान/स्रोत वरि-परीको अवस्था, जैविक प्रदूषण आदि। भूमिगत खानेपानीको हकमा टयुववेलहरूको जाँच गर्दा पानीको गुणस्तर राम्रो नभएको खण्डमा पुनः टयुववेलको गहिराई बढाई पानीको गुणस्तर सुनिश्चित गरिन्छ। खानेपानी गुणस्तरका समस्याहरू न्यूनीकरण गरी पानीलाई प्रदूषणमुक्त राख्नका लागि विकास चरण पश्चात् विभिन्न प्राविधिक विकल्प र उपायहरूको अवलम्बन गरिन्छ, यसमध्ये पानी गुणस्तरका समस्या न्यूनीकरणको योजना प्रमुख हो। विकास चरणमा सम्पूर्ण आयोजना क्षेत्रको खानेपानी गुणस्तरको जाँच, सरसफाइ अवस्थाको अनुगमन जस्ता विषयहरू समावेश गरिन्छ। यदि विकास चरणको जाँचका क्रममा पानी दूषित देखिएमा कम लागतमा समुदाय आफैले व्यवस्थापन गर्न सक्ने खानेपानी शुद्धिकरण प्रणालीको सिफारिस गरिन्छ। यसै सन्दर्भमा झापा जिल्लामा नवौं समूह अन्तर्गत निर्मित प्रकाश खानेपानी तथा सरसफाइ आयोजनाको खानेपानीमा धमिलोपन, म्याङ्गनिज र आइरनको मात्रा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डभन्दा बढी भएकाले त्यसको निराकरणका लागि खानेपानी प्रशोधन केन्द्र निर्माण गर्नका लागि कोष विकास समिति र आयोजना कार्यान्वयनकारी संस्था ग्रामीण जनविकास केन्द्र (RUPEDEC) बीच सम्झौता सम्पन्न भइसकेको छ।

✍ *रोशन कुमार जोशी*
*वातावरण तथा सामाजिक व्यवस्थापन विज्ञ*

# लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI): दशौं समूह अन्तर्गतका आयोजनाहरूको विश्लेषण

लैङ्गिक भेदभावले महिला र पुरूष दुवैले खानेपानी तथा सरसफाइका सुविधाहरूको समान उपभोग गर्न पाउने संभावनालाई घटाउँछ । 'महिलाले यसो गर्नु पर्छ, यसो गर्नु हुँदैन' वा 'पुरूषहरूले यसो गरे हुन्छ तर यसो नगरे पनि हुन्छ' भन्ने जस्ता मनोवृत्तिले महिला र पुरुष, दुवैलाई नै पानीको पहुँच, उपयोग र व्यवस्थापन गर्ने कुराबाट वञ्चित गराउँछ । नेपालको ग्रामीण समुदायका महिलाहरू पुरुषहरूको तुलनामा पानीको जोहो, व्यवस्थापन र प्रयोग गर्न बढी समय बिताउन बाध्य छन् (औसतमा दिनको पाँच घण्टासम्म)। ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिको दशौं समूहको पूर्व संभाव्यता प्रतिवेदनबाट पानीको सुविधा नभएकाले महिलाहरूले खानेपानीको जोहो गर्न बढीमा १२ घण्टासम्म बिताउनु परिरहेको देखिन्छ। महिलाहरू सामाजिक भेदभावको जोखिममा रहेका समूहमा पर्दछन्। विपन्न, दुर्गम ठाउँमा बसोबास गर्ने र अवसरबाट वञ्चित (दलित वा जनजाति वर्ग) महिलाले त एकैपटक अनेकौं वहिष्करणका घटना र सवालहरूको सामना गर्नु पर्ने हुन्छ । यसैले उनीहरूलाई विकासको मूल प्रवाह र निर्णय प्रक्रियामा योगदान गर्नबाट वञ्चित गर्ने सामाजिक वहिष्करणको पनि विश्लेषण गरी न्यूनीकरणका लागि कोष विकास समितिले कार्यक्रमको प्रारम्भदेखि नै पहल गर्दै आइरहेको छ ।

यही तथ्यलाई मध्यनजर गरेर कोष विकास समितिले लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) को सवाललाई विशेष महत्वका साथ खानेपानी तथा सरसफाइ आयोजनाहरूमा मूलप्रवाहीकरण गरेको छ । विकासका क्रियाकलापहरूबाट परम्परागत रूपमा वहिष्करणमा पर्दै आएका महिला, दलित, आदिवासी तथा विपन्नहरूलाई खानेपानी तथा सरसफाइका सुविधाहरूमा समतामूलक पहुँच पुऱ्याउनु पर्दछ । यसबाहेक खानेपानी तथा सरसफाइ आयोजनाको तर्जुमा, कार्यान्वयन र व्यवस्थापनमा समेत उनीहरूको भूमिकाको सुनिश्चितता हुनु पर्दछ। आयोजनाका दुई वटा चरण (RWSSP I & II) बाट प्राप्त सिकाई तथा विगतमा सम्पन्न भएका चरणहरूमा लागू गरिएको लैङ्गिक समानता र सामाजिक समावेशीकरणको उपलब्धिबाट प्रेरित भई सन् २०१४ देखि शुरु भएको ग्रामीण खानेपानी तथा सरसफाइ सुधार आयोजनालाई अझ बढी समावेशी बनाउन लैङ्गिक समानता र सामाजिक समावेशीकरणका मर्महरूलाई परिमार्जन गरी लागू गरेको छ ।

पूर्व संभाव्यता अध्ययन तथा दशौं समूह अन्तर्गतको विकास चरणको प्रगति प्रतिवेदनको विश्लेषणले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सन्दर्भमा निम्न उपलब्धिहरू प्राप्त भएका छन् : ४५ वटा जिल्लामा कार्यरत १०७ वटा सहयोगी संस्थाले ५६२ वटा आयोजनाको पूर्व संभाव्यता प्रतिवेदन पेश गरेका थिए। दशौं समूह अन्तर्गत ८९ हजार १ सय ७८ घर परिवारका ४ लाख ९१ हजार ४ सय २४ जनसख्या समेटिने लक्ष्य थियो, यसमध्ये ५०.१ प्रतिशत पुरुष र ४९.९ प्रतिशत महिलाहरू छन्। यीमध्ये करीव ४० प्रतिशत घर परिवारहरू उपल्लो जाति, २९ प्रतिशत तुलनात्मक रूपमा अवसरबाट वञ्चित जनजाति, १५ प्रतिशत दलित, ६ प्रतिशत धार्मिक अल्पसंख्यक समूह, ६ प्रतिशत अन्य पिछडिएका जातजाति र ४ प्रतिशत तुलनात्मक रूपमा लाभान्वित जनजाति रहेका छन्।

यी आयोजनाहरू सबै समावेशी सिद्धान्तका आधारमा छनोट भएका छन् र यिनमा समावेशी प्रतिनिधित्वलाई प्रमुख आधारका रूपमा लिइएको छ। दशौं समूह अन्तर्गतका आयोजनाहरू सम्पन्न भएपछि आयोजना क्षेत्रका वासिन्दाहरूको कम्तिमा ५० प्रतिशतदेखि बढीमा ९० प्रतिशतसम्म समय र श्रमको बचत हुने अनुमान गरिएको छ।




*जातिगत आधारमा दशौं समूह अन्तर्गतका आयोजनाका लाभान्वित घरधुरीहरू*

दशौं समूह अन्तर्गत कोष विकास समितिको आर्थिक सहयोगमा सञ्चालन हुने आयोजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि सहयोगी संस्थाहरू अन्तर्गत कुल २ हजार ५ सय ६८ कर्मचारीहरू नियुक्त भएका छन्। नवौं समूहको तुलनामा दशौं समूहमा ४१ प्रतिशत बढीले रोजगारीको अवसर पाएका छन् र यस समूहमा नियुक्त भएका कर्मचारीहरू मध्ये ३१ प्रतिशत महिला छन्। नवौं समूहको तुलनामा दशौं समूहमा महिला कर्मचारीहरूको संख्यामा ४ प्रतिशतले वृद्धि भएको छ । त्यसो त महिलाहरू सबै पदमा नियुक्त भएका छन्, तर उनीहरूको वाहुल्य खानेपानी तथा सरसफाइ उत्प्रेरक पदमा देखिन्छ र खानेपानी तथा सरसफाइ प्राविधिक तथा प्राविधिक अधिकृतमा महिलाहरूको प्रतिनिधित्व कमै देखिन्छ । यसैगरी टीम लीडरमा पनि महिला प्रतिनिधित्व निकै कम अर्थात् १० प्रतिशत मात्र रहेको छ। यस तथ्यले नेपालमा प्राविधिक सीपमा महिला प्रतिनिधित्व कम छ भन्ने अवस्था देखाउँछ।

ग्रामीण खानेपानी तथा सरसफाइ सुधार आयोजना अन्तर्गत संसोधित

सहयोगी संस्थाहरूको निर्धारित मानव स्रोत व्यवस्थापन अनुसार सहयोगी संस्थाका कुल कर्मचारीमध्ये ५० प्रतिशत स्थान महिला, विपन्न र सामाजिक वहिष्करणमा परेकाहरूका लागि सुनिश्चित गर्न प्रोत्साहित गरिएको छ, यसमध्ये कम्तिमा ३३ प्रतिशत महिलाहरू अनिवार्य हुनु पर्ने व्यवस्था छ । १०६ वटा सहयोगी संस्थाहरूमध्ये अधिकांश (६५ प्रतिशत) ले आफ्ना कर्मचारीहरू मध्ये ५० प्रतिशत महिला, विपन्न र सामाजिक वहिष्करणमा परेको समूहलाई संलग्न गरेका छन् । त्यसमध्ये ७२ प्रतिशत सहयोगी संस्थाले कम्तिमा




*जातिगत आधारमा दशौं समूहमा सहयोगी संस्थाका कर्मचारीहरू*

३३ प्रतिशत महिलाहरूलाई कर्मचारीमा नियुक्त गरेका छन् । यद्यपि, अधिकांश सहयोगी संस्थाहरू मापदण्ड अनुसारका भए तापनि महिला कर्मचारीहरू नियुक्त गर्न र उनीहरूलाई संस्थामा टिकाइराख्न भने चुनौती नै देखिन्छ ।

यो त हालसम्म संस्थाले सम्पन्न गरेका क्रियाकलापको झलक मात्र हो । कोष विकास समितिले खानेपानी तथा सरसफाइको सुविधाबाट कोही पनि वञ्चित नहुन् भन्ने अभिप्रायले समस्त प्रयास केन्द्रित गरेको छ । कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नका लागि कोष विकास समितिमा २०७२ मंसिर ८ गते लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण इकाईको स्थापना गर्नुका साथै ‘लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन’ को मस्यौदा समेत तर्जुमा गरेको छ । यस मार्गदर्शनलाई अन्तिम रूप दिन समीक्षा गर्ने कार्य भइरहेको छ ।

विविध भौगोलिक परिवेशमा बसोबास गर्ने, फरक फरक आर्थिक अवस्था भएका सम्पूर्ण जातजाति तथा जातीय समूहका महिला तथा पुरुषहरू बीच खानेपानीको स्रोतसाधन व्यवस्थापन सम्बन्धी निर्णय, मूल्य, कामको जिम्मेवारी बाँडफाँड गर्न आवश्यक छ । यसले समय, श्रम र स्रोत साधनको बचत हुनुका साथै समुदायको सहभागिता र प्रतिबद्धता गहिरो भई आयोजना व्यवस्थापनमा सिर्जनशीलता आउनुका साथै कम खर्चिलो र दिगो समाधानहरूको खोजी हुन्छ । शारांशमा, जबसम्म कार्यक्रमले प्रक्षेपण गरे अनुरूप सबै नागरिकको खानेपानी र सरसफाइमा समान पहुँच हुँदैन, तबसम्म अपेक्षित उपलब्धि हासिल गर्न कठीन हुन्छ ।

*✎ दीपा शाक्य*
*लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विज्ञ*

# महिनावारी शिक्षाको आवश्यकता सम्बन्धी छलफल सम्पन्न

ग्रामीण खानेपानी तथा सरसफाइ विकास कोषको आयोजनामा विश्व महिनावारी स्वच्छता सप्ताहको अवसरमा यही २०७४ जेठ १७ गते ‘महिनावारी सम्बन्धी शिक्षाले सम्पूर्ण परिवर्तन ल्याउँछ’ (Education about Menstruation Changes Everything) विषयक एक छलफल कार्यक्रम सम्पन्न भयो । चर्चित युवा कवि नवराज पराजुलीको ‘ब्रम्हाजीको रजस्वला’ शीर्षकको कविताबाट प्रारम्भ भएको सो कार्यक्रममा खानेपानी तथा सरसफाइ मन्त्रालयका सहसचिव श्री आशीष घिमिरे, शिक्षा मन्त्रालयका सहसचिव डा. हरि लम्साल, महिनावारी स्वच्छता सम्बन्धी विधाका विज्ञ तथा अभियन्ता श्री राधा पौडेल, विषयगत विज्ञ डा. अरुणा उप्रेती, राष्ट्रिय अपाङ्ग महासंघकी प्रतिनिधि श्री रमा ढकाल र Lesbian, Gay, Bisexual, Transgender and Intersex - LGBTI हरूका लागि काम गर्ने संस्थाका प्रतिनिधि श्री दुर्गा थापाले आ-आफ्नो विचार व्यक्त गर्नु भएको थियो ।

पत्रकार श्री जगदीश खरेलको सहजीकरण रहेको सो छलफल कार्यक्रमका वक्ताहरूले महिनावारी स्वच्छता सम्बन्धी उचित शिक्षाको अभाव र युगौंदेखि यस सम्बन्धमा रहेको भ्रमले गर्दा किशोरी एवं महिलाहरूको मानव अधिकारको चरम उल्लङ्घन भइरहेको र उनीहरूको प्रगतिको बाधक बनेको बताउनु भएको थियो । महिनावारी एक सामान्य शारीरिक प्रक्रिया मात्र भएको र यो शारीरिक रूपमा कुनै पनि महिला आमा बन्न सक्षम बनाउने हुनाले यसलाई लज्जा नभई गौरवका रूपमा लिनु पर्ने उहाँहरूको धारणा थियो । नीति निर्माण तहमा रहनु भएका वक्ताहरूले महिनावारी सम्बन्धी भ्रमहरू हटाउनका लागि विद्यालयको पाठ्यक्रममा यस विषयलाई राख्न पहल गर्ने र किशोरी तथा महिलाहरूको अनुकुल सार्वजनिक शौचालयहरू बनाउन ध्यान दिने बताउनु भएको थियो ।

ग्रामीण खानेपानी तथा कोष विकास समितिको कार्यसमिति सदस्य श्री मन दाहालको अध्यक्षता तथा खानेपानी तथा सरसफाइ मन्त्रालयका सहसचिव श्री आशीष घिमिरेको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा आफ्नो मन्तव्य राख्दै कोष विकास समितिका कार्यकारी निर्देशक श्री भूपेन्द्र अर्यालले खुला दिसामुक्त अभियान पश्चात अब समग्र देश पूर्ण सरसफाइको बाटोमा अघि बढ्न लागेको बेलामा महिनावारी शिक्षाको आवश्यकता सम्बन्धी छलफल प्रासङ्गिक र उपयोगी भएको बताउनु भयो । उहाँले आगामी कार्यक्रममा कोष विकास समितिले महिनावारी स्वच्छताको विषयलाई पनि तालिमको विषयवस्तुमा समेट्ने बताउनु भएको थियो ।

# अगुवा किसान बन्दै मीना सारू

दुई चार वर्ष अघिसम्म आफ्नो जग्गामा गरिने खेतीपातीबाट वर्षको ६ महिना पनि राम्ररी खान नपुग्ने मीना सारुको आजभोलिको वार्षिक आम्दानी २ लाख ५० हजार रूपैयाँ भन्दा बढी हुने गर्दछ । पहिले पहिले ज्यालादारी काम गरेर जीवन गुजारा गर्न बाध्य उहाँको परिवार आज सफल किसानका रूपमा चिनिन्छ । पाल्पा जिल्लाको साविकको भैरवस्थान गाविसको भारकोट गाउँकी मीनाको जीवनमा यो परिवर्तन ल्याउने एउटै कारण हो - त्यस गाउँमा उपलब्ध भएको खानेपानीको सुविधा र त्यस अन्तर्गत सञ्चालित जीविका कार्यक्रमबाट मीना र उहाँ जस्ता अरु महिलाहरूले पाएको जीविकोपार्जन सीप र उत्प्रेरणा ।

मीना सारु साविकको भैरवस्थान गाविसको वडा नं ८ र ९ मा ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिले ग्रामीण आर्थिक विकास संघ (रेडा) सँगको सहकार्यमा २०६७ सालमा सम्पन्न 'गगनपानी खानेपानी तथा सरफाइ आयोजना' को उपभोक्ता समितिकी सचिव हुनुहुन्छ । यस आयोजनाको उपभोक्ता समितिका सम्पूर्ण सदस्यहरू महिला छन् ।



*आफ्नो करेसाबारीमा मीना सारू*

जीविका कार्यक्रमबाट आफ्नो जीविकोपार्जनमा उल्लेखनीय सुधार ल्याउने मीना सारु एक प्रतिनिधि पात्र हुनुहुन्छ । यस सफलताले मीना जस्ता महिलाहरूको जीवनको आर्थिक र सामाजिक पाटोमा



*आम्दानीका भरपर्दा स्रोतहरू : मीना सारुले गरेको तरकारी खेती, कुखुरा पालन तथा बङ्गुर पालन*

“घर नजिक पानीको सुविधा भएपछि आधा दुःख त आफैं हट्यो, कोष विकास समितिबाट प्रत्येक आयोजनामा गठित महिला प्राविधिक सहयोग सेवा समूह (WTSS)/जीविका समूहलाई प्रदान गरिने १० हजार रूपैयाँबाट ऋण लिई तरकारी खेती गर्न थालेपछि राम्रो आम्दानी हुन थाल्यो, सँगसँगै कुखुरा र बङ्गुर पनि पाल्न थाल्यौं । अब त छोरीले रहर गरे जस्तै उनलाई नर्सिङ पढाउने आँट आएको छ” मीना भन्नुहुन्छ ।

मीनाका बारीमा मौसम अनुसारका तरकारीहरू उब्जिन्छन् । उहाँलाई सबैभन्दा बढी फाइदा भने कुखुरा र बङ्गुरपालनबाट भइरहेको छ । शुरुका दिनमा उत्पादित सामग्री बेच्न तानसेन पुग्नु पर्थ्यो भने आजभोलि गाउँमै व्यापारीहरू आउँछन् । गाउँघरका अरु धेरै किसानले उत्पादित वस्तु एकै ठाउँबाट थोक व्यापारीलाई बेच्न पाउँदा आफूहरूले राम्रो मूल्य पाएको मीना बताउनु हुन्छ । कुखुरा पालनलाई अझ विस्तार गर्ने उहाँको योजना रहेको छ ।

उल्लेखनीय परिवर्तन आएको देखिन्छ । “पहिले पहिले हाम्रो धेरैजसो समय पानी भर्दैमा बित्थ्यो, अरु केही सोच्ने र गर्ने फूर्सद र जाँगर हुँदैनथ्यो । कसरी आम्दानी बढाउने भन्ने ज्ञान थिएन, गाउँमा पानी आएपछि जीविका कार्यक्रम आयो, स्वास्थ्य र सरसफाइमा ध्यान दिन पाइयो । काम गर्‍यो भने आफ्नै ठाउँमा पनि विकास हुने रहेछ भन्ने कुरा बुझियो । पहिले पहिले त हरियो सागसब्जी नै कहाँ धीत मरुञ्जेल खाइएको थियो र ? अहिले त मन लाग्दा भान्सामा मासु नै पाक्न थालेको छ । फूर्सदको समयमा सुस्ताउन, मन लागेको ठाउँमा जान पनि पाइएको छ“ मीना भन्नुहुन्छ ।

यसरी स्थानीय महिलाहरूसँग नीहित क्षमता र सीपलाई उजागर गर्ने बाटो देखाइदिए मात्र पनि समाज रूपान्तरित हुन्छ भन्ने दृष्टान्त मीनाको जीवनमा आएको परिवर्तनले साबित गरिदिएको छ ।

✎ भरत अधिकारी
*सञ्चार तथा क्षमता अभिवृद्धि विज्ञ*

## सन्दर्भ : अठारौं राष्ट्रिय सरसफाइ सप्ताह

# ‘आफैंबाट शुरु गर्दै’ राष्ट्रिय सरसफाइ सप्ताह मनाइयो

‘खुला दिसामुक्त गर्नु छ २०१७ भित्र, सक्षम र जिम्मेवार छ हाम्रो नेतृत्व’ भन्ने मूल नाराका साथ अठारौं राष्ट्रिय सरसफाइ सप्ताह तथा विश्व वातावरण दिवस यही २०७४ जेठ २२ देखि २८ गतेसम्म विविध कार्यक्रमका साथ मनाइयो । यही अवसरमा ग्रामीण खानेपानी तथा



*राष्ट्रिय सरसफाइ सप्ताह मनाउन कार्यालय प्राङ्गणमा भेला भएका कोष विकास समितिका कर्मचारीहरू*

सरसफाइ कोष विकास समितिको कार्यालय परिसरमा जेठ २८ गते समितिका सम्पूर्ण तहका कर्मचारीहरूको सहभागितामा एक कार्यक्रमको आयोजना गरियो । सरसफाइको राष्ट्रिय लक्ष्य पूरा गर्नका लागि आफ्नो क्षेत्रबाट समुदायमा विशिष्ट योगदान गरिरहेको कोष विकास समितिले आफ्नो योगदानलाई अझ सार्थक र प्रभावकारी बनाउन सर्वप्रथम आफूमा सरसफाइ सम्बन्धी दिगो बानी व्यवहार विकासको आवश्यकता महशुस गरी सबै कर्मचारी तथा परामर्शदाताहरूको उत्साहजनक सहभागितामा कार्यालय परिसर र कोठाहरूको सरसफाइ गरिएको थियो ।



*राष्ट्रिय सरसफाइ सप्ताहको महत्व माथि प्रकाश पार्दै उपनिर्देशक श्री संजय कुमार मिश्र*

उक्त कार्यक्रमपछि आयोजित एक कार्यक्रममा बोल्दै कोष विकास समितिका कार्यकारी निर्देशक श्री भूपेन्द्र अर्यालले विगतमा कोष विकास समितिले सरसफाइ सप्ताह आयोजना क्षेत्रमा गएर मनाउने गरेको भए तापनि यसपाली आफैंबाट स्वच्छताको अभियानबाट शुरु गरेर सार्थक रूपमा कार्यक्रम मनाइएको बताउनु भयो । उहाँले हेर्दा सामान्य लाग्ने यो

**नेपालमा खुला दिसामुक्त अवस्थाको अद्यावधिक स्थिति**

| | |
|---|---|
| खुला दिसामुक्त घोषित जिल्ला : | ४१ |
| खुला दिसामुक्त घोषित साबिकका नगरपालिका : | १३६ |
| खुला दिसामुक्त घोषित साबिकका गाविस : | ५५२ |
| खुला दिसामुक्त प्रदेश : | १ (प्रदेश नं ४) |

*स्रोत : राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समितिको कार्यालय(२०७४ असार ३१)*

क्रियाकलापले कर्मचारीहरू बीचमा आपसी सहकार्यको भावनामा वृद्धि गरेको बताउँदै वर्षको एक सप्ताह वा एक दिन मनाइने दिवसहरू औपचारिकता मात्र नभई विषयको महत्व बुझाउने हेतुले मनाइने हुँदा वर्षका बाँकी दिनमा पनि यस्ता दिवसमा गरिएका क्रियाकलापहरूलाई महत्व दिनु पर्ने बताउनु भयो । उक्त अवसरमा उहाँले कोष विकास समितिका सन्देशवाहक, चौकीदार तथा सरसफाइमा दिनहुँ आबद्ध कर्मचारीहरूलाई प्रोत्साहन स्वरुप सरसफाइ सामग्री उपहार प्रदान गर्नु भएको थियो ।



*कर्मचारीहरूलाई सरसफाइ सामग्री प्रदान गर्दै कार्यकारी निर्देशक श्री भूपेन्द्र अर्याल*

कोष विकास समितिको मानव संसाधन तथा कार्यक्रम विकास महाशाखा प्रमुख श्री टीका अधिकारीले कार्यक्रमको औचित्य प्रकाश पार्नु भएको उक्त कार्यक्रममा कोष विकास समितिका उप कार्यकारी निर्देशक श्री संजय कुमार मिश्रले यस प्रकारको कार्यक्रमले व्यक्तिमा कर्तव्य बोध हुनुका साथै एकताको भावमा वृद्धि हुने बताउनु भयो । सो अवसरमा सबै विभागीय प्रमुखहरूले पनि सरफाइ सप्ताहको महत्व र आगामी दिनमा हामीले चाल्नु पर्ने कदमका बारेमा मन्तव्य व्यक्त गर्नु भएको थियो । सोही अवसरमा वातावरण तथा सामाजिक व्यवस्थापन विज्ञ श्री रोशन कुमार जोशीले ‘विश्वमा देखिएका वातावरणीय मुद्दा र त्यसका प्रभावहरू’ र सञ्चार तथा क्षमता अभिवृद्धि विज्ञ श्री भरत अधिकारीले ‘सरसफाइको लक्ष्य, प्रगति र चुनौतीहरू’ विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

# बंगलादेशको सरसफाइ प्रवर्धनमा सरसफाइ बजारीकरणको प्रभाव – एक अनुभव

विश्व बैंकको निमन्त्रणामा कोष विकास समितिका कार्यक्रम विकास अधिकृत श्री संजय देवकोटा र अनुगमन तथा मूल्याङ्कन अधिकृत श्री पुनम पन्तले यही २०७४ असार १७ देखि २२ गतेसम्म बंगलादेशमा अवलम्बन गरिएको सरसफाइ प्रवर्धनका लागि सरसफाइ बजारीकरण अन्तर्गतका क्रियाकलापहरूको अवलोकन गर्नु भएको थियो । प्रस्तुत लेख श्री देवकोटाले उक्त अवलोकनबाट प्राप्त सिकाइहरूलाई समेटेर तयार पार्नु भएको हो ।

सरसफाइ प्रवर्धनका लागि सरकारी तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरूबाट विगत लामो समयदेखि विभिन्न पहल हुँदै आए तापनि आधारभूत सरसफाइमा सबैको पहुँच अझसम्म चुनौतीको रूपमा रहेको छ । यी चुनौतीहरू जटिल भए पनि समाधान नै गर्न नसकिने भने होइनन् । तथापि, विविध जाति, ज्ञानको तह र आर्थिक विविधताले गर्दा यस्ता चुनौतीहरूको समाधानका लागि रणनैतिक उपायहरू खोज्नु जरुरी छ ।

विगतमा असफल मानिएको अनुदानमुखी पद्धतिबाट पाठ सिक्दै जसरी नेपाल सरकारले सन् २०१७ भित्र राष्ट्रलाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने लक्ष्यका साथ सरसफाइ गुरुयोजना २०६८ मार्फत अनुदानमुखी कार्यक्रमलाई पूर्ण रूपमा बन्देज गऱ्यो, सोही अनुरूप सरकारी तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू पनि मिलेर स्थानीय तहमा रणनितिक योजना तय गरी आपसी समन्वय र सहकार्यमा सरसफाइ कार्य अगाडी बढाउन थाले । निरन्तर समन्वय, कार्यपद्धतिमा एकरूपता र सामुहिक उत्तरदायित्वले गर्दा नेपालले सरसफाइको क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरिरहेको छ । उपलब्धिलाई दिगो र प्रभावकारी बनाउन अन्यत्र सफल ठहरिएका प्रयासहरूलाई अनुकरण गर्नु पनि त्यत्तिकै आवश्यक छ ।

यसै सन्दर्भमा हालै विश्व बैंकको निमन्त्रणामा ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिका तर्फबाट बंगलादेशका विभिन्न समुदायहरूमा सरसफाइ बजारीकरण मार्फत सरसफाइ प्रवर्धनमा हासिल भएको उपलब्धि अवलोकन गर्ने अवसर प्राप्त भयो । सन् २०१७ सम्ममा देशलाई सरसफाइयुक्त बनाउने लक्ष्य लिएको बंगलादेशमा सरसफाइको पहुँच करीव ९९ प्रतिशत पुगेको छ । तथापि, त्यहाँ सुरक्षित चर्पीको पहुँच करीव ७० प्रतिशत मात्र रहेको छ । अत : त्यहाँका करीव ३० प्रतिशत परम्परागत चर्पीहरूलाई सुरक्षित चर्पीमा रूपान्तरण गर्दै प्रयोग भइरहेका चर्पीहरूको स्तरोन्नतिका लागि समुदायलाई उत्प्रेरित गर्नु अपरिहार्य छ ।

यही तथ्यलाई मध्यनजर गर्दै विश्व बैंकले बंगलादेशका विभिन्न समुदायहरूमा सरसफाइ बजारीकरण मार्फत परम्परागत चर्पीहरूलाई सुरक्षित चर्पीमा रूपान्तरण गर्दै आइरहेको पाइयो । त्यसका लागि बैंकले समुदायका उपभोक्ताहरूको फरक-फरक आर्थिक क्षमतालाई मध्यनजर गरी विभिन्न प्रकारका चर्पीहरूको नमूना विकास गरेको रहेछ, जसको निर्माण लागत यस प्रकार छ :

१. आराम चर्पी : ५,८०० टाका*

२. आराम प्लस चर्पी : ७,५०० टाका*

३. विलास चर्पी : ९,००० टाका*

४. विलास बक्स चर्पी : १२,००० टाका*

*रू १ = १.२७ टाका (बंगलादेशको मुद्रा)

कार्यक्रमको प्रभावकारिताका लागि विश्व बैंकले परीक्षण कार्यक्रमका रूपमा हविगन्ज जिल्लाको बसुदेवपुर समुदायबाट कार्यक्रमको थालनी गरेको थियो । त्यसका लागि सरसफाइ सामग्री बिक्री वितरण र निर्माणमा संलग्न २० जना स्थानीय उद्यमीहरूलाई चर्पीका विभिन्न विकल्पहरूबारे तालिम प्रदान गरिएको रहेछ । यसका साथै उद्यमीहरूलाई विश्व बैंकको पहलमा 'आशा लघुवित्त संस्था' ले सहुलियत स्वरूप १० प्रतिशत ब्याजदरमा ऋण उपलब्ध गराएको रहेछ । यस्ता उद्यमीहरूमध्ये जलालउद्दीन नामका एक व्यक्तिले



*सरसफाइ सामग्री तथा चर्पीका नमूनाहरूको अवलोकन गर्दै लेखक*

विगत ६ वर्षमा १० हजार सुरक्षित चर्पी निर्माण गरेको अनुभव सुनाउनु भयो । चर्पीको विकल्पका साथै थोरै रकममा पनि चर्पी बन्ने भएपछि करीव पाँच हजार परम्परागत चर्पीहरू सुरक्षित चर्पीमा रूपान्तरण गर्न सफल भएको अनुभव सुनाउनु हुन्छ, अर्का उद्यमी सिराज ।

चर्पीको स्तरोन्नतिमा स्थानीय उद्यमीहरूको आकर्षण र उपभोक्ताहरूको क्षमता अनुसारका चर्पीहरूको विकल्पका कारण परम्परागत चर्पीहरू धमाधम सुरक्षित चर्पीमा रूपान्तरण हुँदैछन् । यसबाट बंगलादेश दिगो सरसफाइको लक्ष्यमा सफल हुने देखिन्छ ।

नेपालमा पनि खुला दिसामुक्त क्षेत्र घोषणा भइसकेका गाउँपालिका र नगरपालिकाहरूमा विद्यमान परम्परागत चर्पीलाई उपयुक्त प्राविधिक छनोट सहित सरसफाइ बजारीकरणको माध्यमबाट स्तरोन्नतिमा जोड दिनु आवश्यक देखिन्छ ।

यसै तथ्यलाई मध्यनजर गर्दै कोष विकास समितिले सरसफाइ बजारीकरण मार्फत तराई र पहाडका केही जिल्लाहरुमा परीक्षणका रुपमा सरसफाइ प्रवर्धनका क्रियाकलापहरू शुरु गरेको छ । समुदायको माग र क्रय क्षमतालाई ध्यान दिँदै समितिले मूल्यसहित चर्पीका विभिन्न प्राविधिक विकल्पहरुको समेत विकास गरेको छ । साथै नेपाल सरकारले निर्दिष्ट गरेअनुरुप अब बन्ने घरायसी र संस्थागत चर्पीहरूमा प्रयोगमैत्री चर्पी निर्माणमा समेत समितिले विशेष जोड दिँदै आएको छ ।

प्रयोगमा आइरहेका परम्परागत (कच्ची) चर्पीलाई सुरक्षित चर्पीमा रुपान्तरण गर्दै नयाँ बन्ने चर्पीहरुको दिगोपना सुनिश्चित गर्नका लागि सम्पूर्ण सरोकारवाला निकायहरुले कार्यक्रममा एकरुपतामा ल्याई यसको सफल कार्यान्वयनमा जोड दिन सके मात्र बंगलादेशले झैं नेपालले पनि सरसफाइ गुरुयोजनाको मर्मअनुरुप दिगो सरसफाइको लक्ष्य हासिल गर्न सम्भव देखिन्छ ।

✍ संजय देवकोटा
कार्यक्रम विकास अधिकृत

# अघि बढ्दै पुन:स्थापना र पुन:निर्माण कार्यक्रम

ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति वि.सं. २०७२ वैशाख १२ गतेको महाभूकम्प र त्यसपछिका पराकम्पहरूबाट क्षतिग्रस्त भएका खानेपानी आयोजनाहरूको पुन:स्थापना र पुन:निर्माण कार्यमा जुटेको छ। नेपाल सरकारद्वारा घोषित भूकम्प अति प्रभावित १४ वटा जिल्लामा निर्मित ४४ प्रतिशत खानेपानी आयोजनाहरू भूकम्पबाट ज्यादै नराम्ररी प्रभावित भएका थिए।

यी जिल्लाहरूमा कोष विकास समितिद्वारा वि.सं. २०५२ पछि RWSSP I & II अन्तर्गत निर्माण सम्पन्न भएका ९२१ वटा खानेपानी प्रणालीहरू मध्ये आधारभूत सर्भेक्षणको तथ्याङ्क अनुसार ८३७ आयोजनाहरू भूकम्पबाट प्रभावित भएका थिए, जसमध्ये २२२ वटा आयोजनाहरू पूर्णरूपमा क्षतिग्रस्त भएका थिए भने ६१५ वटा आयोजनाहरूमा आंशिक क्षति पुगेको थियो।



*भूकम्पबाट क्षतिग्रस्त मुहान क्षेत्रमा संरक्षणका लागि ग्याबियन वाल निर्माण गरिदै*

पुन:स्थापना र पुन:निर्माण लागि कोष विकास समितिद्वारा २४ वटा सहयोगी संस्थाहरू छनोट गरिएको छ। यी सहयोगी संस्थाहरूले पहिलो चरण अन्तर्गत ४६८ वटा खानेपानी तथा सरसफाइ आयोजनाको पुन:स्थापना र पुन:निर्माणका कार्य गर्नेछन्।

उक्त खानेपानी आयोजनाहरू मध्ये हाल ३६१ वटा आयोजनाहरू निर्माणाधीन अवस्थामा छन्। २० वटा आयोजनाहरूमा भूकम्पका कारणले पानीको स्रोत सुकेकाले डिजाइन परिवर्तन गरी लिफ्ट गर्नु पर्ने अवस्था सृजना भएको छ। आ.व. २०७३/०७४ असार मसान्तसम्ममा ४६८ आयोजनामध्ये २९५ वटा आयोजनाको निर्माण चरणको काम भइरहेको छ, जसमध्ये ५९ वटा आयोजनाको पुनरुत्थान सम्पन्न भई करीब ४१ हजार जनता लाभान्वित भएका छन्। बाँकी आयोजनाहरू आगामी आर्थिक वर्षमा सम्पन्न हुनेछन्।

आगामी दिनमा पनि पुन:स्थापना र पुन:निर्माणका बाँकी कामहरूलाई निरन्तरता दिइने र भूकम्प प्रभावित ३१ जिल्ला अन्तर्गतका १७ जिल्ला (भूकम्प अति प्रभावित १४ जिल्ला बाहेक) मा समेत पुन:स्थापना र पुन:निर्माणका लागि सर्भेक्षण गरी कार्य प्रारम्भ गरिने जानकारी पुन:स्थापना र पुन:निर्माण कार्यक्रमका टीम लीडर वरिष्ठ खानेपानी तथा सरसफाइ इन्जिनियर श्री ध्रुव श्रेष्ठले बताउनु भयो।

## कार्यकारी निर्देशकको कलमबाट

# कार्यक्षेत्रका अनुभव आदान प्रदान गरौं



समुदायको मागमा आधारित, समुदायकै स्वामित्व, नेतृत्व, व्यवस्थापन र सहभागितात्मक अवधारणा अनुरूप सहयोगी संस्थाहरूको प्राविधिक सहयोग र सहजीकरणमा समुदायमा खानेपानी र सरसफाइका सुविधा प्रवर्धन गर्ने ध्येयका साथ स्थापित ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिले हालसम्ममा नेपालको ग्रामीण समुदायका २३ लाख भन्दा बढी जनसंख्यालाई उक्त सेवा प्रभावकारी रूपमा प्रदान गरेको छ।

समितिले हासिल गरेको सफलता, यसको संस्थागत क्षमता एवं आयोजनाहरूको प्रभावकारिता र दिगोपनलाई आधार मानेर नेपाल सरकार र विश्व बैंक बीच ग्रामीण खानेपानी तथा सरसफाइ सुधार आयोजना' सञ्चालनका लागि सम्झौता सम्पन्न भई कार्यक्रम सञ्चालन भइरहेको छ। यस अन्तर्गत देशका ५५ जिल्लाका १८७४ वटा खानेपानी तथा सरसफाइ आयोजनाहरू निर्माण भई सम्पन्न हुँदा प्रत्यक्ष रूपमा थप १५ लाख जनता लाभान्वित हुनेछन्। यसैगरी खानेपानी आयोजना सञ्चालन भएका साविकका गाविसमध्ये ४०० गाविसलाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्ने लक्ष्यका साथ कार्यक्रम सञ्चालन भइरहेको छ। जसबाट थप ९ लाख जनता लाभान्वित हुनेछन्।

यस समितिद्वारा सञ्चालित खानेपानी र सरसफाइ कार्यक्रमबाट उपभोक्ताहरू प्रत्यक्ष रूपमा लाभान्वित हुनुका साथै समितिले कार्यक्रम सञ्चालन गर्दा अपनाएको संस्थागत विकास, सामुदायिक स्वामित्व, सामुदायिक खरिद प्रक्रिया र वित्तीय पारदर्शिता सम्बन्धी नीति, कम खर्चिलो कार्यशैली, लैङ्गिक समानता एवं सामाजिक समावेशीकरण पद्धति, सामाजिक जवाफदेहिता र पारदर्शिता, वातावरणीय तथा सामाजिक व्यवस्थापकीय ढाँचाजस्ता पद्धतिले कार्यक्रमलाई सुशासनयुक्त बनाउनुका साथै आयोजनाहरूको दिगोपन र उपभोक्ताको सन्तुष्टिमा अभिवृद्धि भएको पाइएको छ।

यस समिति तथा समितिसँग आबद्ध सहयोगी संस्थाहरूसँग माथि उल्लेख गरिएका विषयवस्तुसँग सम्बन्धित रोचक र अनुसरण योग्य अनुभवहरू र सिकाईहरू छन्, सरोकारवालाहरूबीच यस्ता अनुभव र सिकाईहरूको आदान प्रदान हुन सकेमा त्यसका माध्यमबाट आगामी दिनका कार्यक्रमहरूलाई थप परिमार्जित गर्न सकिन्छ। यसबाट एकातिर उपलब्धिहरूको अभिलेखीकरण गर्न सहयोग त पुग्छ नै, सफल ठहरिएका कार्यक्रमहरूको अन्यत्र अनुसरण गर्न पनि मद्दत मिल्छ। त्यसैले खानेपानी, सरसफाइ र जनजीविकासँग सरोकार राख्ने सूचना, जानकारी, समाचार, लेख-रचना, घटना अध्ययन आदिलाई यसै प्रकाशन मार्फत् जनसमक्ष ल्याउन म सबैसँग हार्दिक अनुरोध गर्दछु।

*भूपेन्द्र अर्याल*
*कार्यकारी निर्देशक*